# लिसंखु पाखर गाउँपालिकाको
# सहकारी नियमावली
# २०७७

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

परिच्छेद १ ........................................................................................................१
१. संक्षिप्त नाम र प्रारम्भः ........................................................................................१
२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः ........................................१
परिच्छेद २ ........................................................................................................१
३. संस्थाको गठनः ..................................................................................................१
४. संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः ........................................ २
५. बचत तथा ऋण सहकारी संस्थाको दर्ता मापदण्डः ....................................................३
८. सहकारी संस्थाको कार्यक्षेत्रः ..................................................................................३
९. संस्थाको वर्गीकरणः ........................................................................................... ४
१०. विषय परिवर्तन सम्बन्धी व्यवस्थाः .......................................................................५
११. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधारः ................................ ५
१२. सदस्यताको समाप्तिः ......................................................................................... ६
१३. समितिको बैठकः ............................................................................................. ६
१४. समितिको काम कर्तव्य र अधिकारः ..................................................................... ७
१५. तदर्थ समितिको गठनः ....................................................................................... ७
१६. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको योग्यताः ........................................ ७
१७. सदस्यको रकम फिर्ताः .........................................................................................८
परिच्छेद ३ ........................................................................................................८
कोष सम्बन्धी व्यवस्था ...........................................................................................८
१८. संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधारः ..........................................८
१९. अभिलेखः ......................................................................................................... ९
परिच्छेद ४ ...................................................................................................... १०
ऋण असुली तथा बाँकी बक्यौता ........................................................................... १०
२०. ऋण असुली तथा बाँकी बक्यौताः ...................................................................... १०
२१. लिलाम बिक्रि स्थगित गर्न सक्नेः ........................................................................११
२२. असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्नेः ...........................१२
२३. लिलाम सकार्ने व्यक्तिबाट रकम असूल गर्नेः ........................................................१२
२४. लिलाम बिक्रि नभएमा जायजेथा सहकारीको स्वामित्वमा रहनेः ..............................१२
२५. जायजेथा फिर्ता दिनु पर्नेः ..................................................................................१२
परिच्छेद ५ ........................................................................................................१२
एकीकरण विघटन र दर्ता खारेज ..............................................................................१२

२६. सहकारी संस्थाको एकीकरणः ....................................................................................... १२
२७. एकीकरण सम्बन्धी अन्य व्यवस्थाः .............................................................................. १३
२८. सहकारी संस्थाको विभाजनः ...................................................................................... १४
२९. पूर्व सहमती लिनुपर्नेः ................................................................................................ १५
परिच्छेद ६ ........................................................................................................................ १५
लिक्वीडेसन सम्बन्धी व्यवस्था ........................................................................................... १५
३०. लिक्वीडेटरको नियुक्तीः ............................................................................................. १५
३१. लिक्वीडेटरको काम कर्तव्य र अधिकारः ..................................................................... १५
३२. लिक्वीडेसन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकारः ......................................................... १६
३३. दायित्व भुक्तानीः ...................................................................................................... १६
३४. लिक्विडेशन पछिको सम्पत्तिको उपयोगः ..................................................................... १६
परिच्छेद ७ ........................................................................................................................ १७
विविध .............................................................................................................................. १७
३५. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः ............................................................ १७
३६. व्यवस्थापन समितिको गठनः ...................................................................................... १८
३७. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः ............................................................ १८
३८. लगत तयार गर्नेः ....................................................................................................... १९
३९. दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्थाः ........................................................................ २०
४०. अधिकार सुम्पन सक्नेः ............................................................................................... २०
४१. संस्थाको सम्पत्तिबाट व्यहोरिनेः ................................................................................... २०
४२. अधिकार स्वतः निलम्बन हुनेः ..................................................................................... २०
४३. दावी पेश गर्न सूचना दिनुपर्नेः ..................................................................................... २१
४४. लेखा परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेः ........................................................................... २१
४५. उपचारात्मक कार्य गर्न सक्नेः ...................................................................................... २१
४६. व्यवस्थापन समितिले लेखी पठाउन सक्नेः ..................................................................... २१
४७. सिफारिस गर्न सक्नेः .................................................................................................. २२
४८. प्रतिवेदन पेश गर्न पर्नेः ................................................................................................ २२
४९. विशेषज्ञ सेवा लिन सक्नेः ............................................................................................. २२
५०. व्यवस्थापन समितको कर्मचारी सम्बन्धी व्यवस्थाः ......................................................... २२
५१. अन्तर सहकारी कारोवार गर्न सक्नेः .............................................................................. २२
५२. समिति वा लेखा सुपरिवेक्षण समितिमा रहन नसक्नेः ...................................................... २३

५३. बचत सङ्कलनमा सीमाः ........ २३
५४. मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्थाः ........ २३
५५. प्रोत्साहन गर्ने व्यवस्थाः ........ २३
५६. जानकारी दिनु पर्नेः ........ २४
५७. सेयर सदस्यहरूलाई समूहमा आबद्ध गर्न सकिनेः ........ २४
५८. सहकारी सञ्जाल गठन गर्न सकिनेः ........ २४
५९. समानता र समताः ........ २४
६०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः ........ २४
६१. मापदण्ड, निर्देशिका वा कार्यबिधि बनाउन सक्नेः ........ २५
अनुसूची - १ ........ २६
अनुसूची - २ ........ ३१
अनुसूची - ३ ........ ३२
अनुसूची - ४ ........ ३३
अनुसूची - ५ ........ ३४
अनुसूची - ६ ........ ३८
अनुसूची - ७ ........ ३९
अनुसूची - ८ ........ ४०
अनुसूची - ९ ........ ४१
अनुसूची - १० ........ ४२
अनुसूची - ११ ........ ४३
अनुसूची - १२ ........ ४४
अनुसूची - १३ ........ ४५
अनुसूची - १४ ........ ४६

# लिसंखु पाखर गाउँपालिकाको सहकारी नियमावली, २०७७

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७७/०६/१५

प्रमाणित मिति: २०७७/०६/१६

लिसंखु पाखर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँ कार्यपालिकाले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो नियमावलीको नाम "लिसंखु पाखर गाउँपालिकाको सहकारी नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "सहकारी ऐन" भन्नाले लिसंखु पाखर गाउँपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "विभाग" भन्नाले संघको सहकारी विभागलाई सम्झनु पर्दछ

(घ) "कर्जा" भन्नाले चलअचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको सावाँ, ब्याज र हर्जाना रकम सम्झनु पर्दछ ।

(ङ) "व्यवस्थापक भन्नाले" सहकारी संस्थाको व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले महाप्रबन्धक वा प्रमुख कार्यकारी अधिकृतलाई समेत जनाउँछ ।

(च) "संस्थागत पुँजी भन्नाले" संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटापूर्ति कोषको रकम सम्झनु पर्दछ ।

## परिच्छेद २

### ३. संस्थाको गठनः

(१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत सङ्गठनको आधारमा संस्था गठन गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरूमात्र सदस्य हुनु पर्ने,

(३) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न हुनु पर्ने ।

(४) एक सयजना भन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरू कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा तीस जनाको स्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको हुनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम विद्यालय, क्याम्पस वा संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम गठन हुने एकै प्रकृतिको कुनै एक मात्र संस्थामा सदस्यता लिन सक्नेछ ।

(७) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यमात्र गर्न सक्नेछन् ।

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरूलाई ऋणको रूपमा परिचालन गर्ने

(ग) सदस्यहरूको बौद्धिक विकास, कला एवं साहित्यको क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

## ४. संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः

(१) ऐनको दफा (५) को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारप्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि देहायका विवरण पेश गर्नु पर्नेछ ।

(क) प्रारम्भिक भेलाका निर्णयहरू

(ख) अनुसूची १ मा उल्लिखित विवरणहरू समाबेश भएको संस्थाको प्रस्तावित विनियम २ प्रति

(ग) अनुसूची २ बमोजिमको ढाँचामा दरखास्त

(घ) अनुसूची ३ बमोजिमको ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन

(ङ) अनुसूची ४ बमोजिमको ढाँचामा आवेदकहरूले लिन स्वीकार गरेको सेयर संख्या र सेयर रकमको विवरण

(च) अनुसूची ५ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना

(छ) अनुसूची ६ बमोजिमको ढाँचामा सदस्यबाट सेयर पुंजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको भर्पाइ वा बैंक भौचर ।

(ज) अनुसूची ७ बमोजिमको ढाँचामा तदर्थ सञ्चालक समितका सदस्यहरूको विवरण

(झ) अनुसूची ८ बमोजिमको ढाँचामा स्व-घोषणा पत्र

(ञ) अनुसूची ९ बमोजिमको ढाँचामा अधिकार प्रत्यायोजन पत्र

(ट) आवेदकहरूको नेपाली नगरिकताको प्रतिलिपि (आवेदक स्वयम्ले प्रमाणित गरेको)

(ठ) पेशागत सङ्गठनको आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत सङ्गठनको आबद्धताको परिचय पत्रको प्रतिलिपि

(ड) संस्थको कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्टयाइँ हुने प्रमाण

(ढ) आवेदकहरू प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार

(ण) सेयर पुँजी तथा प्रवेश शुल्क बापत सदस्यहरूबाट सङ्कलित रकम बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन बमोजिम क वर्गको इजाजत प्राप्त बैंक वा राष्ट्रिय सहकारी बैंकमा खाता खोली रकम जम्मा गरेको भौचर ।

## ५. बचत तथा ऋण सहकारी संस्थाको दर्ता मापदण्डः

(१) स्थानीय तहको १ वडामा एउटा संस्था नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था दर्ता गरिने छ ।

(२) यस अघि एकभन्दा बढी वडा कार्यक्षेत्र राखी दर्ता भएका बचत ऋण सहकारी संस्थामा १ वडा बाहेक अन्य वडाका कार्यक्षेत्रका ५० प्रतिशत वा सो भन्दा बढी प्रतिशत घरधुरी अबद्धता भएको अवस्थामा साविकमा कायम रहेका कार्यक्षेत्र कायम गरिनेछ ।

(३) एकभन्दा बढी वडा कार्यक्षेत्र कायम राखी दर्ता भएका तर कुनै वडामा बसोबास गर्ने घरधुरीको ५० प्रतिशत भन्दा कम घरधुरीलाई मात्र सेवा दिइरहेको अवस्थामा वा लेखा परीक्षण र वार्षिक साधारण सभा नगरी निष्कृय रहेका संस्था भएको अवस्थामा उपनियम (१) बमोजिमको संस्था दर्ता गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा लिसंखु पाखर गाउँपालिका भित्र कार्यक्षेत्र सीमित भएका, छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(५) उपनियम (१), (२) र ४ बमोजिमको मापदण्ड भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरू नियम २६ बमोजिम एकीकरण भइसक्नु पर्नेछ ।

६. संस्था दर्ताको लागि १ भन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदन लाई प्राथमिकता दिइनेछ ।

७. ऐनको दफा ६ बमोजिम दर्ता भएको संस्थालाई दर्ता गर्ने अधिकारीले अनुसूची १० बमोजिम को ढाँचामा दर्ताको प्रमाण पत्र दिनु पर्नेछ ।

## ८. सहकारी संस्थाको कार्यक्षेत्रः

(१) ऐनको दफा ९ को उपदफा (९) बमोजिम संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा एक स्थानीय तहसम्म हुनेछ ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाका आवेदकहरूको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेस गरिने छैन ।

(३) कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यवसायिक आवश्यकताको आधार लिनु पर्नेछ ।

(क) उत्पादनको संकलन, सञ्चय, प्रसोधन सुविधाका दृष्टिले न्यूनतम (भोल्युम) कायम गर्न आवश्यक भएको ।

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको

(ग) सिंचाइ सुविधा, प्राविधिक रेखदेख रोग ब्याधि नियन्त्रणका दृष्टिले उपयुक्त इकाई कायम गर्नुपर्ने ।

(घ) सेवाको माग प्रकृति एकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्रको बिस्तार आवश्यक भएको ।

(४) ऐन तथा नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा देहायको प्रकृया पूरा गर्नुपर्दछ ।

(क) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको

(ख) दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चितता गरिएको ।

(ग) विनियम संसोधनको प्रकृया पूरा भएको ।

(५) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र कायम गर्नेप्रयोजनको लागि त्यस्ता संस्थाहरूले पेश गर्ने कार्यसञ्चालन प्रतिवेदनमा ऐनको दफा (९) को उपदफा (२) मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्ने छ ।

(क) वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, सेयर र बचतको विवरण,

(ख) संस्थाले सञ्चालन गरेको लगानी र व्यवसायिक सेवा सुविधाहरूको वडा अनुसारको विवरण

(६) (१) ऐनको दफा ९ को उपदफा (३) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्रको ५ करोड रूपैया वा संस्थाको जम्मा कारोवारको पन्ध्र प्रतिशतमा जुन घटी हुन्छ सो भन्दा कम व्यवसायिक सेवा सञ्चालन भएको देखिएको हुनपर्नेछ ।

स्पष्टिकरणः यस उपनियमको प्रयोजनको लागि कारोवार भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक कृयाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्म परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्रि कारोवारको जोड सम्झनु पर्छ ।

## ९. संस्थाको वर्गीकरणः

(१) ऐनको दफा ११ उपदाफा (१) र उपदफा (२) बमोजिम विषयगत आधारमा संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) उत्पादक संस्थाः कृषि, दुग्ध, चिया, फलफूल, जडिबुटी, पशुपंक्षी पालन विशेषका विषयगत र अगुवा बाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, विद्युत, सञ्चार र स्वास्थ्य विशेषका बिषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था

(ग) वित्तीय संस्थाः बचत तथा ऋणको मात्र कारोवार गर्ने संस्था

(घ) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था

(ङ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग, वित्तीय र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने बहुउद्देश्यीय संस्था

## १०. विषय परिवर्तन सम्बन्धी व्यवस्थाः

(१) कुनै सहकारी संस्थाका सदस्यहरूले व्यवसायिक आवश्यकताको आधारमा दर्ता हुँदाका बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेका कूल सदस्य संख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संसोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही गाउँ कार्यपालिकाबाट निर्धारित शर्त र कार्यबिधि पूरा भएको हुनु पर्दछ ।

## ११. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधारः

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुई भन्दा बढी संस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्ः-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने ।

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन बिधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगाएत व्यवसायिक प्रस्तवनाको बिस्तृत रूपरेखा तयार गरिएको हुनपर्ने ।

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनु पर्ने

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरूबीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनु पर्ने ।

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाब्यता अध्ययनबाट सम्भाब्य देखिनु पर्ने ।

(च) साझेदारी व्यवसाय दर्ता गर्नु पर्ने भए दर्ता गरिएको हुनु पर्ने

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट अनुमती पत्र स्वीकृति वा इजाजत पत्र लिनु पर्ने भए लिएको हुनु पर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा संघले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा सञ्चालन गर्ने जानकारी दिनेछ र छुट्टै अभिलेख राख्नेछ ।

(४) यस नियम बमोजिम अनुमती पाएको संयुक्त साझेदारीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्थाले दर्ता गर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ ।

## १२. सदस्यताको समाप्तिः

(१) ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको अवस्था पूरा भएको हुनु पर्नेछः-

(क) सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनु पर्ने,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानविनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाई पेश गर्न मानासिब माफिकको मौका दिएको हुनु पर्ने

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिले निर्णय गरेको हुनु पर्ने ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेको निर्णयमा चित्त नबुझ्ने सदस्यले दर्ता गर्ने अधिकारी समक्ष उजुरी गर्न सक्नेछ र तत्सम्बन्धमा दर्ता गर्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) दर्ता गर्ने अधिकारीले निरीक्षण वा अनुगमनको सिलसिलामा वा अन्य कुनै माध्यमबाट ऐनको दफा २२ को उपदाफा (१) बिपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सदस्यले चाहेको कुनै एक मात्र संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र सोही निर्देशन बमोजिम सम्बन्धित संस्थाले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नुपर्नेछ ।

## १३. समितिको बैठकः

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । तर  दुई बैठक बीचको अवधि पैंतालीस दिनभन्दा बढी हुनु हुँदैन ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरूमध्येबाट चुनिएको सदस्यले गर्नेछ ।

(४) उपनियम (२) बमोजिम बैठक नबोलइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालक सदस्यहरूमध्येबाट चुनिएको सञ्चालकले गर्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(८) समितिको बैठकको गणपुरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्य संख्या हुनेछ ।

(९) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा निर्वाचित पदाधिकारीहरूको सपथ ग्रहण अनुसूची ११ बमोजिम हुनेछ ।

## १४. समितिको काम कर्तव्य र अधिकारः

ऐनको दफा ३२ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्तसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुको साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने गराउने,

(च) आवश्यकतानुसार उपसमितिहरू गठन, विघटन, तथा जिम्मेवारी तोक्ने

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागु गर्ने

(ज) विनियममा उल्लेखित अन्य कार्यहरू गर्ने

## १५. तदर्थ समितिको गठनः

(१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीले सदस्यहरूमध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछ ।

(क) सदस्यको नाममा संस्थाको तिर्नु बुझाउनु पर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने ।

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने ।

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनु पर्ने ।

## १६. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको योग्यताः

ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा ३ वर्ष पूरा भएको ।
तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागु हुने छैन ।

(ख) संस्थालाई तिर्नु बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको ।

(ग) सदस्य आफैं, संस्था वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको ।

(घ) उपलब्ध भएसम्म प्लस २ वा सो सरह उतीर्ण गरेको ।

## १७. सदस्यको रकम फिर्ताः

सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनु पर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण पारित भएको तीस दिनभित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनु पर्नेछः-

(क) निजको सेयरको अंकित मूल्य बराबरको रकम

(ख) निजले भुक्तानी लिन बाँकी सेयर लाभाँस बापतको रकम

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता कोषको रकम

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्था घाटमा गएको अवस्थामा सञ्चित घाटाको रकम सेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यहरूलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याज सहित तुरुन्त फिर्ता दिनु पर्नेछ ।

तर आवधिक बचतको रकम निधारित अवधि भुक्तान भएपश्चात फिर्ता गर्नुपर्नेछ ।

# परिच्छेद ३

# कोष सम्बन्धी व्यवस्था

## १८. संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधारः

(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोवारको आधार लिनु पर्नेछः-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्रि गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड(क), (ख),(ग) र (घ) मा उल्लेखित आधार

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामाग्री बिक्रि गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।

(४) उपनियम १ को खण्ड (ख) बमोजिम कोषको रकम बितरण गर्न बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको संरक्षित पुंजी फिर्ता कोषको रकम चालु आर्थिक वर्ष भित्र वितरण गरी सक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक बर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ ।

(७) संरक्षित पुंजी फिर्ता सम्बन्धी अन्य व्यवस्था विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) अन्य कोष सम्बन्धी व्यवस्थाः सहकारी संस्थाको कुनै वर्षको खुद वचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत्प्रतिशत मानी सोबाट कम्तीमा पच्चिस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुंजी फिर्ता कोष र शुन्य दशमलब पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शत्प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्ट्याई वितरण गर्नु पर्नेछ ।

(क) सहकारी शिक्षा कोष

(ख) सेयर लाभाँस कोष

(ग) कर्मचारी बोनस कोष

(घ) सहकारी विकास कोष

(ङ) घाटापूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) ऐनको दफा ७६ को उपदफा (१) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष, (वचत तथा ऋण विषयगत सहकारी संस्था मात्र)

(ज) अन्य जोखिम व्यवस्थापन कोष

(९) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा ३ महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नुपर्नेछ ।

## १९. अभिलेखः

(१) ऐनको दफा (५१)को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोवारको लेखा विभागले तोकेको तरिका र ढाँचामा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेखीकरण तथा लेखापालनगर्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नेछः-

(क) अनसूची १२ बमोजिमको सदस्य दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखासुपरिवेक्षण समिति, उपसमितिहरूका बैठकहरूको छुट्टाछुट्टै कारवाही किताब

(ग) नगदी बही

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति, वा संस्था वा सङ्घ निकायसँग कुनै कारोवार गरेको भए त्यस्तो कारोवार देखाउने दर्ता किताब

(ङ) सेयर दर्ता किताब
(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,
(छ) ऋण लेलदेन दर्ता किताब
(ज) बेरुजु एवं सम्परीक्षण खता
(झ) अम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू
(ञ) हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण पत्र
(ट) समय-समयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू

(३) पाँच करोड रूपैयाभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नु पर्ने अभिलेख तथा लेखा विभागले तोके बमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ ।
तर यसमा लेखिएको कुनै पनि कुराले सदस्यको व्यक्तिगत बचत लगाएतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोवारको हिसाब किताब पृष्ठ सुरक्षा( ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ ।

## परिच्छेद ४

## ऋण असुली तथा बाँकी बक्यौता

**२०. ऋण असुली तथा बाँकी बक्यौताः**

(१) ऐनको दफा ५८ र ६१ बमोजिम सहकारी संस्थाको ऋण तथा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको जायजेथा लिलाम बिक्रि गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यबिधि अपनाउनु पर्नेछः-
(क) बाँकी बक्यौता तिर्नु, बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतिस दिन भित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने
(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्रि गर्ने सूचना प्रकाशन गर्ने ।
(ग) धितो राखेको घर, जग्गा, जमिन, मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने ।
(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रि गर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल अचल सम्पत्ति भए पैतिस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गरिने बारेको

सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्बजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रिको प्रकृया अगाडी बढाउन बाधा पर्ने छैन ।

(ङ) धितो लिलाम बिक्रि गर्दा कार्यालय खुल्ने समय देखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने,

तर लिलाम बिक्रि हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्रि गर्नु पर्ने छ ।

(च) धितो लिलाम बिक्रि गर्दा लिलाम गरिने चल अचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्ने तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम स्वीकृत गर्ने ।

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यबिधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेका अंक स्पष्ट खोली निजको सहीछाप गराउने ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोधगर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्रि गर्नुपर्नेछ ।

(४) जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्रि गरिने हो सो व्यक्तिलाई लिलाम बिक्रि हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्रि हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्रि गर्न बाधा पुगेको मानिने छैन ।

## २१. लिलाम बिक्रि स्थगित गर्न सक्नेः

नियम २० बमोजिम लिलाम बिक्रिको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमती भई लिलाम बिक्रि स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रिको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्रि केही समयका लागि स्थगित गर्न सक्नेछ ।

## २२. असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्नेः

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्रि गर्दा आएको रकमबाट सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा ऐन तथा प्रचलित कानुन बमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाहरू नियम २० मा उल्लेखित कार्यबिधि अपनाई लिलाम विक्रि गरी असुल उपर गर्नुपर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्रि गर्दा लिलाम बिक्रि हुने दिनसम्मको सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

## २३. लिलाम सकार्ने व्यक्तिबाट रकम असूल गर्नेः

(१) लिलाम बिक्रिको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिन भित्र बुझाइसक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने ब्यहोराको कागज गराई राख्नु पर्नेछ ।

## २४. लिलाम बिक्रि नभएमा जायजेथा सहकारीको स्वामित्वमा रहनेः

नियम २० र २२ बमोजिम लिलाम बिक्रि गर्नुपर्ने जयजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनु पर्ने छ ।

## २५. जायजेथा फिर्ता दिनु पर्नेः

नियम २४ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिना भित्र सम्बन्धित ऋणी संस्थाले आफूले तिर्नु बुझाउनु पर्ने सावाँ र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रकृयासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रकृया पुऱ्याई फिर्ता दिनु पर्नेछ ।

# परिच्छेद ५

# एकीकरण विघटन र दर्ता खारेज

## २६. सहकारी संस्थाको एकीकरणः

(१) ऐनको दफा ६५ बमोजिम दुई वा २ भन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका शर्तबन्देजहरू पूरा भएको हुनु पर्नेछ ।

(क) कार्यक्षेत्र एकअर्कासँग खप्टिएको वा जोडिएको हुनपर्ने ।
(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनु पर्ने ।
(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम राख्नु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह क्षेत्रभित्र पर्ने गरी गर्नुपर्नेछ ।

(३) महिलामात्र सदस्य रहेको संस्था महिलामात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) एकीकरणका अन्य शर्त, आधार र प्रकृया कार्यपालिकाबाट स्वीकृत कार्यबिधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

## २७. एकीकरण सम्बन्धी अन्य व्यवस्थाः

(१) एकीकरणका अन्य शर्त आधार र प्रकृया देहाय बमोजिम हुनेछः-
(क) कुन कुन संस्था बीच एकीकरण हुने हो तत् तत् संस्थाको साधारण सभाबाट एकीकरण गर्ने निर्णय भएको हुनु पर्ने,
(ख) एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरूमध्ये कुन संसथाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने,
(ग) संस्थाको कार्यालय रहने स्थान उल्लेख गर्ने,
(घ) एकीकृत संस्थाको कार्यक्षेत्र कति रहने हो उल्लेख गर्ने
(ङ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा वा संसोधन गर्ने हो उल्लेख गर्ने,
(च) सेयर पुँजीको रकम, विनियममा व्यवस्था भएका कोषहरूमा रहेको रकम एकीकृत संस्थामा के कति समवेश गर्ने र सो को उपयोग गर्ने तरिका,
(छ) एकीकृत हुने संस्थाहरूको सम्पत्ति र दायित्वको व्यवस्थापन सम्बन्धी बिषय,

(२) उपनियम (१) बमोजिमको उल्लिखित आधार र प्रकृया पूरा गरी एकीकृत हुने संस्थाहरूको संयुक्त साधारण सभाबाट देहायक विषयहरू पारित गर्नु पर्नेछः-
(क) अनुसूची बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यबिधि सम्बन्धी विवरण,
(ख) एकीकृत हुने संस्थाहरूको अघिल्ले दिनसम्मको वासलात,
(ग) एकीकरण सम्बन्धी कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य
(घ) विवाद समाधान उपसमिति गठन गर्ने,
(ङ) एकीकृत संस्थाहरूको सम्पत्ति प्रचलित कानुन बमोजिम नामसारी गर्ने सम्बन्धी विषय,
(च) एकीकृत संस्थाहरूको ऋण, लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको ब्याज दर, सदस्यताको क्रमसंख्या, सेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगनजस्ता विषयहरूमा छुट्टै व्यवस्था गर्नुपर्ने भए सो समेतको निर्णय गर्नुपर्ने ।

(३) यस नियम बमोजिम एकीकरण हुने संस्थाको उपनियम (१) र (२) को प्रकृया पूरा गरिसकेपछि स्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ

(४) उपनियम (३) बमोजिम पेश गर्दा देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः-

(क) अनुसूची - १३ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको संयुक्त निवेदन,
(ख) अनुसूची- १४ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यबिधि सम्बन्धी विवरण
(ग) एकीकरण हुने संस्थाहरूको साधारण सभाबाट भएका निर्णयहरूको प्रमाणित प्रतिलिपि
(घ) संयुक्त साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि
(ङ) एकीकृत हुने संस्थाहरूको पछिल्लो आर्थिक वर्षको लेखा परीक्षणको प्रतिवेदन
(च) अधिकार प्रत्यायोजनको पत्र,
(छ) तदर्थ सञ्चालक समितिको नाम, थर र ठेगाना सहितको विवरण र नागरिकताको प्रतिलिपि,
(ज) एकीकरण हुने संस्थाको छुट्टाछुट्टै र संयुक्त वासलात

(५) सहकारी संस्था एक आपसमा एकीकरणगर्दा आवश्यकतानुसार देहाय बमोजिमको सुविधा प्रदान गर्न सकिनेछः-
(क) एकीकृत हुने संस्थाहरूले साविकमा स्वीकृति पाइ कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा सोही कार्यक्षेत्रका अतिरिक्त व्यवसायिक आवश्यकताका आधारमा थप कार्यक्षेत्र समेत प्रदान गर्न सकिनेछ ।
(ख) एकीकरणगर्दा ठुलो कार्यक्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।
(ग) गाउँ कार्यपालिकाद्वारा तोकिए बमोजिमका अन्य सुविधा

## २८. सहकारी संस्थाको विभाजनः

(१) ऐनको दफा ६५ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायमगर्दा देहायका शर्तहरू पूरा भएको हुनपर्नेछ ।
(क) बचत तथा ऋणको मुख्य कारोवार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको १ वडाभन्दा बढी भई कार्यक्षेत्रका कुनै वडाका ५० प्रतिशतभन्दा कम घरधुरीलाई मात्र सेवा प्रदान गरेको ।
(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्य सञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको ।

(२) सहकारी संस्था विभाजनगर्दा मौजुदा कारोवारको प्रकृति अनुसार नियम ९ बमोजिमको विषयगत बर्गिकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ ।

(३) दर्ता गर्ने अधिकारीले सहकारी संस्थाहरूको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित संघको राय लिन सक्नेछ ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रकृया गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यबिधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

## २९. पूर्व सहमती लिनुपर्नेः

नियम २६ र २८ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैङ्क, वित्तीय संस्था वा दातृ निकायको ऋण अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजनगर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व सहमती लिनु पर्नेछ ।

# परिच्छेद ६

# लिक्वीडेसन सम्बन्धी व्यवस्था

## ३०. लिक्वीडेटरको नियुक्तीः

(१) ऐनको दफा ६७ को उपदफा २ बमोजिम रु. ५० लाखसम्म सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

## ३१. लिक्वीडेटरको काम कर्तव्य र अधिकारः

(१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्वीडेटरको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २० र २२ बमोजिम असुल उपर गर्ने ।

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो संस्थाकै हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दाबा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस भनी दाबी गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने पश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा निर्देशन दिने ।

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको बिरुद्धमा गरिएको दावीको सम्बन्धमा दुबै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने

(झ) सरोकारवालासँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक

जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

## ३२. लिक्वीडेसन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकारः

नियम ३१ बमोजिम अधिकार प्रयोग गरी लिक्वीडरले गरेको रजिष्ट्रारले दोहोऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछः-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्ने, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) नियम ३१ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ३१ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

## ३३. दायित्व भुक्तानीः

(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछः

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फर्छ्यौट गर्न,

(ख) सदस्यलाई वचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) सेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समयजतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोषउपर त्यस्तो साहुले आफूले पाउनुपर्ने रकमको लागि दावी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारबाही हुनेछैन ।

## ३४. लिक्विडेशन पछिको सम्पत्तिको उपयोगः

(१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्विडेशन पश्चात् नियम ३३ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछः

(क) विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्था,

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो सङ्घ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिकाले दर्ता गर्ने अधिकारीको सिफारिसमा नियम ३३ को उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद ७

## विविध

**३५. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः**

(१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था वा संघ दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमित रूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाहरूको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरूको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजातिसमेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य श्रृङ्खला विकास एवं कारोबारका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा पेस गर्ने,

(ठ) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ड) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) दर्ता गर्ने अधिकारीले ऐन तथा यस नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ३६. व्यवस्थापन समितिको गठनः

(१) ऐनको दफा ७७ बमोजिमको समस्याग्रस्त सहकारी संस्थासँग सम्बन्धित व्यवस्थापन समितिको गठन ऐनको दफा ७८ अनुसार देहाय बमोजिम हुनेछः

(क) दर्ता गर्ने अधिकारीको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेको अधिकृत कर्मचारी - अध्यक्ष

(ख) सहकारी सञ्जाल वा जिल्ला सहकारी संघले तोकेको प्रतिनिधि १ जना - सदस्य

(ग) सहकारी क्षेत्रका विज्ञहरू मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना - सदस्य

(घ) दर्ता गर्ने अधिकारीले तोकेको सम्बन्धित शाखा/इकाइ हेर्ने कर्मचारी १ जना - सदस्य सचिव

(२) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नभएमा गाउँ कार्यपालिकाले जुन सुकै बखत पदबाट हटाउन सक्नेछ । हटाउनु अघि निजलाई सफाइ पेश गर्ने यथोचित मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा गाउँ कार्यपालिकाले उपनियम (१) को अधिनमा रही मनोनित गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ३७. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले ऐन, नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ।

(ख) समस्याग्रस्त संस्थाको समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बद्ध तथ्यको जानकारी भएका वा मिलिमतो बाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखा जोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्थाको काम कार्वाही सम्बन्धी निर्णय तथा अभिलेख लगाएको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्थाले असुल गर्न पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम ऐन, नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार ऐन, नियम वा विनियम बमोजिम लिलाम विक्री गर्ने,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति विक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाको सदस्य तथा बचतकर्ताको बचत तथा सेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचत कर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागी ऐन नियम बमोजिम लिक्विडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले वचतकर्ताको वचत पूरै वा आँशिक रूपमा कुनै कम्पनि, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सो बाट बढेबढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्ति मध्येबाट वचतकर्ताको वचत भरी भराउ गर्न लिलाम बिक्री वा असुल उपर सम्बन्धी आवश्यक कार्वाही गर्ने,

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालक र कर्मचारी वा विज्ञहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम विक्री समेत गरी वचत कर्तालाई फिर्ता दिलाउने काम गर्ने,

**३८. लगत तयार गर्नेः**

नियम ३३ को दायित्व भुक्तानी प्रयोजनको लागि व्यवस्थापन समितिले देहाय बमोजिमको लगत तयार गर्नेछः-

(क) समस्याग्रस्त संस्थाका सदस्य, वचत कर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनुपर्ने व्यक्ति वा संस्थाहरूको नाम नामेशीको,

(ख) समस्याग्रस्त संस्थाको नाममा रहेको वा लगानी गरेको भवन लगाएतका अचल सम्पत्तिको,

(ग) समस्याग्रस्त संस्थाको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक तथा बित्तिय संस्थाको खातामा रहेका नगद तथा सुन चाँदी तथा सेयर लगानीको,

(घ) समस्याग्रस्त संस्थाले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा, जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्थाको स्वदेश तथा बिदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको ।

## ३९. दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्थाः

(१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछः-

(क) वचत जम्मा गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई वचत भुक्तानी,

(ख) त्यस्तो संस्थाको जायजेथा वा नियम ३७ को उपनियम (ठ) बमोजिमको सम्पत्ति सरकारी बाँकी बक्यौता वा कुनै हक दावी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदावीको रकम भुक्तानी,

(ग) समस्याग्रस्त संस्थाका साहुहरूलाई रकम भुक्तानी,

(२) उपनियम (१) बमोजिम समस्याग्रस्त संस्थाको सम्पूर्ण दायित्व भुक्तानी गर्नका लागि त्यस्तो संस्थाको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहीको दरले गर्न सक्ने छ । त्यसरी सदस्यको वचत फिर्ता गर्दा व्यवस्थापन समितिले तोकेका साना वचत कर्तालाई प्राथमिकता दिनु पर्ने छ ।

## ४०. अधिकार सुम्पन सक्नेः

व्यवस्थापन समितिले समस्या ग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्दा आफूलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीले प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

## ४१. संस्थाको सम्पत्तिबाट व्यहोरिनेः

समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्थाको सम्पत्तिबाट तत्काल व्यहोरिने छ । व्यहोर्न नसकिने भएमा सो प्रयोजनको लागि गाउँ कार्यपालिकाले रकम उपलब्ध गराउन सक्नेछ ।

## ४२. अधिकार स्वतः निलम्बन हुनेः

(१) यस नियमावली बमोजिम व्यवस्थापन समिति गठन भएको मिति देखि समस्या ग्रस्त संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समस्या ग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्थाको समितिको

सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**४३. दावी पेश गर्न सूचना दिनुपर्नेः**

व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्थाका सदस्य, बचत कर्ता तथा साहुहरूलाई आफूले पाउनुपर्ने रकमको दावी पेश गर्न जिल्लास्तर वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा १५ दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

**४४. लेखा परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेः**

व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले ६ महिना भित्र त्यस्तो समस्याग्रस्त संस्थाको लेखा परीक्षण गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**४५. उपचारात्मक कार्य गर्न सक्नेः**

यस नियमावली बमोजिम भएको लेखा परीक्षण प्रतिवेदनको आधारमा समस्या ग्रस्त संस्था पुनः सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछ ।

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्थाका सेयर सदस्यहरूबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने ।

(ग) समिति विघटन गरी त्यस्तो संस्थाको साधारण सभा बोलाई सो को व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने ।

(घ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्बन गर्ने ।

**४६. व्यवस्थापन समितिले लेखी पठाउन सक्नेः**

(१) व्यवस्थापन समितिले समस्या ग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न दर्ता गर्ने अधिकारी मार्फत सम्बन्धित निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्थाको कुनै बैंक वा बित्तिय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोका राख्न,

(ग) समस्याग्रस्त संस्थाको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालो सूचीमा समावेश गर्न,

(२) उपनियम (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ ।

**४७. सिफारिस गर्न सक्ने:**

(१) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कार्वाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कार्वाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कार्वाही वा अन्य आवश्यक कार्वाही गर्न व्यवस्थापन समितिले सम्बन्धित निकायसँग सिफारिस गर्न सक्नेछ ।

**४८. प्रतिवेदन पेश गर्न पर्ने:**

व्यवस्थापन समितिले समस्या ग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको १५ दिन भित्र देहाएका विवरणहरू खुलाई गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(क) सदस्यको वचत रकम फिर्ता

(ख) भुक्तानी भएको दायित्व

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी बिस्तृत विवरण

(घ) संस्थाको सञ्चालन सम्बन्धमा गाउँ कार्यपालिकाले अवलम्बन गर्न पर्ने निति सम्बन्धी सुझाव

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेका अन्य विवरण

**४९. विशेषज्ञ सेवा लिन सक्ने:**

(१) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका प्रावधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ ।

(२) प्राविधिक वा विशेषज्ञको सेवा लिए बापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिमको प्रकृया पूरा गरी पारिश्रमिक तथा सुविधा गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गर्न सक्नेछ ।

**५०. व्यवस्थापन समितको कर्मचारी सम्बन्धी व्यवस्था:**

गाउँ कार्यपालिकाको कार्यालयले व्यवस्थापन समितिको सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति लगाएत भौतिक श्रोत साधन उपलब्ध गराउनेछ ।

**५१. अन्तर सहकारी कारोवार गर्न सक्ने:**

(१) ऐनको दफा ९४ बमोजिम अन्तर सहकारी कारोवारगर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिइएको हुनु पर्नेछ ।

(२) अन्तर सहकारी कारोवारामा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था -लिड को-अपरेटिभ) को अवधारणबाट कुनै एक संस्थामार्फत

सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यले नेपालभरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोवार गर्न सक्नेछ ।

(५) अन्तर सहकारी कारोवार सम्बन्धी अन्य व्यवस्था विभागले स्वीकृत गरेको कार्यबिधि बमोजिम हुनेछ ।

## ५२. समिति वा लेखा सुपरिवेक्षण समितिमा रहन नसक्नेः

यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष रूपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा सरकारी निकायमा कार्यरत कर्मचारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन । दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष संलग्न नहुने पदाधिकारी वा राष्ट्रसेवकको हकमा सहकारी संस्थाको समिति र लेखा सुपरिवेक्षण समितिमा रहन बाधा पुगेको मानिने छैन ।

## ५३. बचत सङ्कलनमा सीमाः

सहकारी ऐनको दफा ३९ उपदफा (२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको वित्तीय संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचतको मुख्य कारोबार गर्न पाउने छैन उल्लेखित रहेको । वित्तीय बाहेकका विषयगत वा बहुउद्देश्यीय संस्थाको कुनै पनि आर्थिक वर्षको जम्मा बचतको दायित्व रकम सो समेत वार्षिक सदस्यतर्फी खरिद वा विक्री कारोबारको रकम जोडी हुन आउने जम्मा वार्षिक व्यावसायिक कारोबारको ३० प्रतिशत भन्दा बढी हुने छैन । विषयगत बचत तथा ऋण संस्थाको हकमा जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

## ५४. मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्थाः

ऐनको परिच्छेद-१८ बमोजिम समस्याग्रस्त संस्थाको सम्बन्धमा व्यस्थापन समितिले गरेको निर्णय वा काम कार्यवाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सो को प्रतिरक्षा जिल्ला सरकारी वकिलको कार्यालयबाट खटिएको वा सरकारी वकीलबाट हुनेछ ।

## ५५. प्रोत्साहन गर्ने व्यवस्थाः

(१) गाउँ कार्यपालिकाले वार्षिक कार्यक्रममा व्यवस्था गरी व्यक्ति, सहकारी संस्था वा निकायलाई कदर पत्र, नगद पुरस्कार वा दुवै गरी सम्मान वा पुरस्कृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा व्यक्ति, सहकारी संस्था वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी स्वीकृत गर्नुपर्नेछ ।

**५६. जानकारी दिनु पर्ने:**

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घ वा प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेका सहकारी संस्थाले गाउँपालिका भित्र कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी दिनु पर्नेछ ।

**५७. सेयर सदस्यहरूलाई समूहमा आबद्ध गर्न सकिने:**

(१) सहकारी संस्थाले विनियममा व्यवस्था गरेर सेयर सदस्यहरूलाई समूहमा आबद्ध गरी सेवा प्रवाह गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको समूह सञ्चालन निर्देशिका वा कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**५८. सहकारी सञ्जाल गठन गर्न सकिने:**

(१) गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरू बीच सहकार्य एवं समन्वयको लागि गाउँ कार्यपालिकाको कार्यालयले कृयाशील सहकारी संस्थाहरूको प्रतिनिधिमूलक भेला गरी ७ देखि ११ सदस्यीय सहकारी सञ्जाल गठन गर्न सक्ने छ । सञ्जाल पदाधिकारीको कार्याकाल ३ वर्ष हुनेछ ।

(२) सञ्जालको अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये कम्तीमा १ पदमा महिला पदाधिकारी निर्वाचित गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सञ्जालको पदाधिकारीमा वार्षिकरूपमा लेखा परीक्षण र साधारण सभा नगर्ने सहकारी संस्थाका प्रतिनिधि रहन सक्ने छैनन् ।

(४) उपनियम (१) बमोजिमको सहकारी सञ्जाल सञ्चालन कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**५९. समानता र समता:**

(१) संस्थाको कार्यसञ्चालनका समस्त प्रकृयाहरूमा सदस्यहरूमाझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गर्नु गर्नुपर्नेछ ।

(२) सञ्चालक समितिको निर्वाचन गर्दा उपलब्ध भएसम्म अध्यक्ष,कोषाध्यक्ष र सचिव पद मध्ये कम्तीमा १ पदमा महिला सहित ३३ प्रतिशत महिला पर्ने गरी निर्वाचित गर्नु पर्नेछ ।

**६०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:**

कार्यपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

**६१. मापदण्ड, निर्देशिका वा कार्यबिधि बनाउन सक्नेः**

(१) यस नियमको अधीनमा रही  गाउँ कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यबिधि बनाउन सक्नेछ ।

# अनुसूची - १

(नियम ४ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

<u>विनियममा उल्लेख गर्नुपर्ने विषयहरू</u>

प्रस्तावना

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

२. संस्थाको नाम र ठेगाना :

३. परिभाषाः

परिच्छेद - २

संस्थाको क्षेत्र

४. उद्देश्य

५. कार्यः

६. कार्यक्षेत्रः

परिच्छेद - ३

संस्थाको सदस्यता

७. संस्थाको सदस्यः

८. सदस्यताको लागि योग्यताः

९. सदस्यका लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यको निष्कासन

१२. सदस्यबाट राजिनामा

१३. पुनः सदस्यता

१४. सदस्यको काम कर्तव्य र अधिकार

१५. सदस्यता खुला रहने

१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजिनामा स्वेच्छिक हुनेः

परिच्छेद ४

पुँजी परिचालन

१७. सेयर पुँजीः

१८. संस्थाको सदस्य बन्न कम्तीमा १ सेयर खरिद गर्नुपर्नेः

१९. थप सेयर खरिद गर्न सक्नेः

२०. सेयर फिर्ता वा हस्तान्तरणः

२१. प्रवेश शुल्कः

२२. कृत्रिम छेकबार नलगाइने

२३. सेयरको प्रमाण पत्रः

२४. सदस्यको दायित्व सीमित हुनेः

परिच्छेद – ५

साधारणसभा सम्बन्धी व्यवस्था

२५. प्रारम्भिक साधारण सभाः

२६. वार्षिक साधारणसभाः

२७. विशेष साधारण सभाः

२८. साधारण सभाको बैठकः

२९. साधारणसभाको काम, कर्तव्य र अधिकारः

३०. साधारण सभाको निर्णय अनिवार्य हुनेः

परिच्छेद-६

प्रतिनिधिमूलक अंगहरू

३१. संचालक समिति

३२. संचालक समिति र संचालक सदस्यको काम, कर्तव्य र अधिकारः

(१) संचालक समितिको काम, कर्तव्य र अधिकारः

(२) संचालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

३३. समितिको बैठकः

३४. लेखा सुपरिवेक्षण समितिः

३५ लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः

३६. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको पदमा वहाल रहन नसक्ने अवस्थाः

३७. उप समितिहरूको गठन, काम, कर्तव्य र अधिकार

परिच्छेद ७

कार्यसञ्चालन

३८. उत्तरदायित्व शृङ्खलाः

३९. अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :-

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-

(३) सचिवको काम, कर्तव्य र अधिकारः-

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-

४०. व्यवस्थापकको नियुक्तिः

४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकारः

४२. विशेष जिम्मेवारीः

४३ कर्मचारी नियुक्ति तथा सेवाका शर्तः

परिच्छेद - ८

कोषको व्यवस्था

४४. कोषको व्यवस्थाः

४५. कोषको सुरक्षाः

४६. कोषको उपयोगः

४७. जगेडा कोषः

४८. संरक्षित पुँजी फिर्ता कोष

४९. लाभाँस वितरण नगरिनेः

५०. जगेडा कोषमा रकम सार्नुपर्नेः

परिच्छेद ९

बचत परिचालन

५१. बचत सङ्कलन गर्न सक्ने/नसक्नेः

५२. बचत संकलनमा सीमाः

(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुणाभन्दा बढी हुने छैन ।

<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनका लागि प्राथमिक पुँजी कोषको गणना गर्दा सेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ ।

**(विषयगत बचत तथा ऋण संस्थाको हकमा यो स्पष्टिकरण झिक्नुपर्ने)**

(२) संस्थाको जम्मा बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिए बमोजिम वार्षिक सदस्यतर्फी खरिद वा बिक्रि कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी हुने छैन ।

**(विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नुपर्ने)**

५३. ऋण दिन सक्ने:

५४. ऋण प्रवाहमा सीमा:

५५. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने:

५६. साधारण सभाको स्वीकृति लिनु पर्ने:

परिच्छेद १०

कारोवारमा सिमाङ्कन

५७. सदस्य केन्द्रीयता:

५८. स्वार्थ बाझिने निर्णयमा सहभागीतामा प्रतिबन्ध:

५९. कर्मचारीसँगको कारोवारमा निर्बन्धन:

६०. जोखिम मूल्याङ्कन:

६१. कारोवार नगरिने:

परिच्छेद ११

अभिलेख व्यवस्थापन

६२. कारोवारको लेखा:

६३. खाताबही :

६४. आन्तरिक हिसाब जाँच:

६५. बार्षिक हिसाब जाँच (लेखापरीक्षण):

६६. विद्युतीय प्रणालीको उपयोगगर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने:

६७. अन्य आधारभूत कागजात:

परिच्छेद-१२

प्रतिवेदन

६८. एकीकृत सूचना प्रणलीमा आबद्धता:

६९. सहकारी दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने विवरणहरू:

७०. वित्तीय जानकारी इकाइमा प्रतिवेदन:

७१. साधारण सभामा जानकारी गराउनु पर्ने:

परिच्छेद-१३

विविध

७२. हकवालाको मनोनयन:

७३. हक दावी वा नामसारी:

७४. निर्वाचनः

७५. शपथ ग्रहणः

७६. एकीककरण वा विभाजनः

७७. कार्यान्वयन अधिकारीः

७८. मध्येस्थताः

७९. समानता र समताः

८०. विनियम संसोधनः

८१. साधारण सभाले कार्यबिधि बनाउन सक्नेः

८२. व्याख्या गर्नेः

८३. ऐन नियमावलीसँग बाझिएकोमा अमान्य हुनेः

# अनुसूची - २

(नियम ४ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

सहकारी संस्था दर्ता दरखास्तको ढाँचा

मितिः २० ... । ...। ..

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक ।

विषयः सहकारी संस्थाको दर्ता गरी पाउँ ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः- विनियममा उल्लेख भए बमोजिम

(घ) मुख्य कार्यः- विनियममा उल्लेख भए बमोजिम

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः- सीमित

(छ) सदस्य सङ्ख्याः-
(१) महिला ......... जना
(२) पुरुष ........... जना

(ज) प्राप्त सेयर पुँजीको रकमः रु. .........

(झ) प्राप्त प्रवेश शुल्कको रकमः रु. ........

आवेदकहरूको तर्फबाट -
नामः-
हस्ताक्षरः-
पदः- तदर्थ सञ्चालक समितिका अध्यक्ष
(प्रस्तावित ........... सहकारी संस्था लि.)
संपर्क नं : ......................................

# अनुसूची - ३

(नियम ४ को उपनियम (१) को खण्ड (घ) सँग सम्बन्धित)

सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

१. परिचय
२. संस्था गठन गर्नुपर्नाको कारण
३. सदस्यताको जनसाङ्ख्यिक आधार
४. सहभागिताको औचित्य
५. व्यावसायिक सम्भाव्यता
   ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान
   ५.२ सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू
   ५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण
६. पुँजी आवश्यकता र स्रोत
   ६.१ आवश्यकताको अनुमान
   ६.२ स्रोत
   ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू
७. बजार विश्लेषण
   ७.१ नजिकको बजार
   ७.२ टाढाको बजार
   ७.३ प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धामा रहिरहने आधारहरू
८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य
९. पहिले स्थापना भइसकेको समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण
१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू
११. जनशक्ति व्यवस्था
१२. संस्थाको विकास र स्थायित्वका आधारहरू

# अनुसूची - ४

(नियम ४ को उपनियम (१) को खण्ड (ङ) सँग सम्बन्धित)

आवेदकहरूको विवरण फारमको ढाँचा (नेपाली कागजमा उल्लेख गर्नुपर्ने )

| सि. नं | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको सेयरको विवरण | | | सम्पर्क नं. | औठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिसेयर रकम रु. | खरिद सेयर सङ्ख्या | सेयरको जम्मा रकम रु. | | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |

# अनुसूची - ५

(नियम ४ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्था/सङ्घ/बैङ्कको नामः-

ठेगानाः-

क. उद्देश्यः-

१. ......... ......... ........ ........ ........

२. ......... ......... ........ ........ ........

३. ......... ......... ........ ........ ........

ख. कार्यहरू

१. ......... ......... ........ ........ ........

२. ......... ......... ........ ........ ........

३. ......... ......... ........ ........ ........

४. ......... ......... ........ ........ ........

५. ......... ......... ........ ........ ........

६. ......... ......... ........ ........ ........

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| ● सदस्य सङ्ख्या | | | | |
| - महिला | | | | |
| - पुरुष | | | | |
| ● जम्मा सदस्यमा दलित | | | | |

२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| ● सदस्य सङ्ख्या | | | | |
| - परिमाण (.....) | | | | |
| - रकम (रु.) | | | | |
| - लाभान्वित हुने सदस्य (जना) | | | | |
| ● सदस्यलाई वस्तु वा सेवा बिक्री | | | | |
| - परिमाण (.....) | | | | |
| - रकम (रु.) | | | | |

| | | | | |
|---|---|---|---|---|
| - लाभान्वित हुने सदस्य ( जना) | | | | |
| ● सदस्य (संस्थाका सदस्य) लाई रोजगारीको अवसर सृजना | | | | |
| - प्रत्यक्ष पूर्णकालीन (जना) | | | | |
| - अप्रत्यक्ष पूर्णकालीन - वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| - सदस्य (संस्थाको सदस्य) लाई ऋण सेवा (वार्षिक)<br>- रकम (रु.)<br>- जना | | | | |
| - सदस्य (संस्थाका सदस्य) लाई बचत सेवा ( मौज्दात)<br>- रकम (रु.)<br>- जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| ● सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| ● सामुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ. पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| ● आवश्यकता | | | | |
| - स्थीर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदि) | | | | |
| - चालु पुँजीतर्फ (मौज्दात मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि) | | | | |
| - ऋण लगानीतर्फ | | | | |

| | | | | |
|---|---|---|---|---|
| - जम्मा | | | | |
| - स्रोत | | | | |
| - सेयर पुँजी | | | | |
| - जगेडा कोष | | | | |
| - अन्य (......) | | | | |
| - सदस्यको बचत ( सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ. सञ्चालक समितिको जिम्मेवारी

- 
- 
- 
- 

च. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

- 
- 
- 
- 

छ.. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

- 
- 
- 
- 

ज. प्रत्येक सदस्यको जिम्मेवारी

- 
- 

-
-

झ. कार्ययोजनाबाट सदस्य (संस्थाका सदस्य) हरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

ञ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

# अनुसूची - ६

(नियम ४ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

भर्पाईको ढाँचा

प्रस्तावित .......... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका .......... श्री .................... आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको .......... प्रारम्भिक भेलाको मिति .......... को निर्णयबमोजिम प्रति सेयर रु. .......... ।- का दरले .......... जनाबाट जम्मा .......... कित्ताको हुन आउने जम्मा रकम रु. .......... (अक्षरेपि रूपैयाँ रु. .............................. ।- का दरले हुन आउने रु. .......... ।- (अक्षरेपि .............................. मात्र) गरी जम्मा रु. .......... ।- (अक्षरेपि .............................. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी .................... कार्यालयमा पेस गरेको छु । प्राप्त रकम हाल मेरो .................... मा रहेको .......... हिसाब नं. .................... मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्काल दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०..... साल ....... महिना ..... गते रोज ....... शुभम् ।

रकम बुझिलिनेको नाम :

पदः

दस्तखत :

# अनुसूची - ७

(नियम ४ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फारामको ढाँचा (नेपाली कागजमा उल्लेख गर्नुपर्ने)

| सि. नं | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औँठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |

# अनुसूची - ८

(नियम ४ को उपनियम (१) को खण्ड (झ) सँग सम्बन्धित)

स्व-घोषणा पत्रको ढाँचा

प्रस्तावित श्री ................................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौँ:-

हामी आवेदकहरू कोही पनि,-

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/बैङ्कको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यस अघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक, साँचा हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने:-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

द्रस्टव्य: स्व-घोषणा पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

# अनुसूची - ९

(नियम ४ को उपनियम (१) को खण्ड (ञ) सँग सम्बन्धित)

अधिकार प्रत्योजन पत्रको ढाँचा

मिति: २० .... । ..... ।

श्री रजिष्ट्रारज्यू !

....................................................................... ।

विषय: अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ................. सहकारी संस्था/सङ्घ लि. को मिति २०.....।.......। मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ................ श्री ................ श्री ................. र ..................... श्री ................. समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौँ । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौँ ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको -

| नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १. श्री ............................ | | | |
| २. श्री ............................ | | | |
| ३. श्री ............................ | | | |

आवेदकहरूको -

| सि.नं. | नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रस्टव्य: अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

# अनुसूची - १०

(नियम ७ सँग सम्बन्धित)
लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**<u>सहकारी दर्ता प्रमाण-पत्र</u>**

दर्ता नं.: ................

लिसंखु पाखर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ६ बमोजिम श्री ........................ लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

बर्गीकरण: ...................................

दर्ता गरेको मिति:
दस्तखत:
दर्ता गर्ने अधिकारीको नाम:
पद:
कार्यालयको छाप:

# अनुसूची - ११

(नियम १३ को उपनियम (९) सँग सम्बन्धित)

<u>सपथ ग्रहणको ढाँचा</u>

म................................................... **सहकारी संस्था लि.**, सिन्धुपाल्चोक जिल्ला लिसंखु पाखर गाउँपालिका वडा नं ....... को ........................ पदमा साधारण सभा बाट निर्वाचित भएकोमा साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु, मेरो सामर्थ्यले भ्याएसम्म पदाधिकारीको हैसियतबाट कुनै किसिमको लोभ, लालच र मोलाहिजा नगरी पक्षपात रहित ढङ्गबाट निर्णय गर्ने छु । मलाई ज्ञात हुन आएको सहकारी र संस्थासँग सम्बन्धित कुनै गोप्य कुरा आधिकारिक व्यक्ति बाहेक अन्य कसैलाई म पदमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भन्ने वा संकेत गर्ने छैन । सवै काम तथा वैठकहरूमा नियमित रूपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट निर्णय लिनेछु ।

**<u>पद ग्रहण गर्ने पदाधिकारीको</u>**

(क) नामः

(ख) दस्तखतः

(ग) मितिः

(घ) पदः

**<u>शपथ गराउने अधिकारीको</u>**

(क) नामः

(ख) दस्तखतः

(ग) मितिः

(घ) पदः

# अनुसूची - १२

(नियम १९ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

## सदस्य दर्ता किताब

| सि.नं. | बाजेको नाम | बाबुको नाम | पति/ पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरीद गरेको सेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

# अनुसूची - १३

(नियम २७ को उपनियम (४) को खण्ड (क) सँग सम्बन्धित)

संयुक्त निवेदनको ढाँचा

मितिः २०..../..... /

श्रीमान् ....................... ज्यू

.....................................

विषयः एकीकरण गर्न स्वीकृति पाउँ ।

महोदय,

लिसंखु पाखर गाउँपालिकाको सहकारी ऐन बमोजिम सञ्चालन भई आएका तपसिल बमोजिमका संस्था एकीकरण गर्न सम्पूर्ण प्रकृया पूरा भएकोले एकीकरणको लागि तोकिएको आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छौँ । अतः उपरोक्त संस्थाहरू एकीकृत गरी पाउन अनुरोध गर्दछौं ।

भवदीय

| | |
|---|---|
| ..........................<br>(संस्थाकोतर्फबाट आधिकारिक व्यक्ति)<br>नमः .........................<br>पदः अध्यक्ष<br>संस्थाको नामः .................. सहकारी संस्था लि.<br>ठेगानाः<br>टेलिफोन नं.: .......................<br>ई- मेल ठेगानाः .........................<br>मितिः २०..../... / ..<br>संस्थाको छाप | ..........................<br>(संस्थाकोतर्फबाट आधिकारिक व्यक्ति)<br>नमः .........................<br>पदः अध्यक्ष<br>संस्थाको नामः .................. सहकारी संस्था लि.<br>ठेगानाः .......................<br>टेलिफोन नं.: .........................<br>ई- मेल ठेगानाः ................<br>मितिः २०..../... / ..<br>संस्थाको छाप |

# अनुसूची - १४

(नियम २७ को उपनियम (४) को खण्ड (ख) सँग सम्बन्धित)

## एकीकरणका शर्त तथा कार्यबिधि ढाँचा फाराम

सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार ..................... बचत तथा ऋण सहकारी संस्था लि. र .....................बचत तथा ऋण सहकारी संस्था लि.को एकीकरण गर्दा शर्त र कार्यबिधि खोली एकीककरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकोले निम्न लिखित शर्त र कार्यबिधिका अधीनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालयमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | विषय | एकीकरण | एकीकरणको कार्यबिधि | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | १ .................... सहकारी संस्था लि.,(दर्ता नं.. ................ दर्ता गर्ने निकाय<br>२ .................... सहकारी संस्था लि.,(दर्ता नं ................ दर्ता गर्ने निकाय<br>उल्लिखित दुवै संस्थालाई एकीककृत गरी...................... सहकारी संस्था लि कायम गर्ने | दुवै सहकारी संस्थाको साधारण सभाबाट पारित गराई लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालयबाट एकीकरणको स्वीकृति लिई संस्था ........... ... को नामबाट सञ्चालन गर्ने | |
| २ | कार्यालय | दुई वटै संस्थाको कार्यालय एउटै बनाउने | ........... सहकारी संस्था लि. को भवनबाट कार्यसेवा सञ्चालन गर्ने | |
| ३ | कार्यक्षेत्र | दुईवटै संस्थाको कार्यक्षेत्र एकीकृत रूपमा रहने र कार्यक्षेत्रमा आफ्ना सदस्यहरूलाई सेवा प्रदान गर्ने । | एकीकृत हुने संस्थाको कार्यक्षेत्र .............................. भरी रहनेछ । | |
| ४ | विनियम | दुई वटै संस्था एकीकृत भएपछि एउटामात्र संस्थाको विनियम स्वीकृत गरिने | .......... सहकारी संस्थाको विनियम ........ को स्वीकार गरी सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने | |
| ५ | सेयर रकम | दई वटै संस्थाको सेयर रकम एकीकृत गर्ने । यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रूपमा समाबेस | ........... लेखा परीक्षण अनुसारको सेयर रकम जम्मा गरी एउटा संस्थामा समावेश गर्ने .......संस्थाको | |

| | | | | |
|---|---|---|---|---|
| | | गरिने । | सेयर रु. ..... र ...... संस्थाको सेयर रु. ... गरी जम्मा रु. ......... | |
| ६ | संस्थाका कोषहरू | दुई वटै संस्थाको कोषको रकम एकीकृत गरी समावेस गर्ने । बितरण गर्न मिल्ने कोषहरू सदस्यहरूलाई वितरण गर्ने, नमिल्ने कोषहरू यथावत राखी एकीककृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने | वितरण गर्न मिल्ने कोषहरू सम्बन्धित संस्थाका सदस्यहरूलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरू नियमानुसार उपयोग गर्ने<br>वितरण गर्न मिल्ने कोषहरूको विवरण<br>........... सहकारी संस्था लि. र ..... सहकारी संस्था लि. को,<br>१. सेयर लाभाँस कोष:<br>२. संरक्षित पुँजी फिर्ता कोष:<br>३. कर्मचारी बोनस कोष:<br>जम्मा:<br>एकीकृत गरी कोषमा राख्ने कोषहरूको विवरण<br>१. जगेडा कोष:<br>२. सहकारी शिक्षा कोष<br>३ डुबन्त ऋण कोष<br>४. सहकारी शिक्षा कोष<br>५. घाटा पूर्ति कोष<br>६. समितिले तोकेको अन्य कोष: | |
| ७ | दायित्व | दुई वटै संस्थाको चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात नै चुक्ता गर्ने अथवा दायित्व बहनको जिम्मेवारी ....... सहकारी संस्था लि. मा रहने | ......... सहकारी संस्था लि. र ...... सहकारी संस्था लि., संस्थाको दायित्व र दुई वटै संस्थाको दायित्व एकीकृत गरी ........... सहकारी संस्था लि. बाट फर्छ्यौट गर्ने। | |
| ८ | लगानी हिसाब | दुई वटै संस्थाको छाता संघहरूमा रहेको लगानी हिसाब एकीकृत गरी ........ सहकारी संस्था लि. को नाममा कायम गर्ने । दुई वटा संस्थाको लगानी रकम सम्बन्धित | निम्न लगानी हिसाब एकीकृत गरी..........सहकारी संस्था लि.को नाममा कायम गर्ने । फिर्ता गर्न मिल्ने रकम लिई .......... सहकारी संस्था लि. को नाममा | |

| | | | | |
|---|---|---|---|---|
| | | शाखा संघबाट फिर्ता लिई आम्दानी बाँध्ने । | अम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरूमा पत्राचार गर्ने।<br>लगानी भएको संस्था<br>१. श्री ............ को रु. ...<br>२. श्री ............ को रु. ... | |
| ९ | ऋण लगानी | दुई वटै संस्थाका आफ्ना सदस्यहरूलाई लगानी गरेको ऋण रकम स्वीकृत गरी .......... सहकारी संस्था लि. मा समाबेश गर्ने । | ............ सहकारी संस्था लि. र ......... सहकारी संस्था लि. बीच एकीकृत भएपछि उल्लेखित संस्थाका ऋणी सदस्यहरूले ......... सहकारी संस्था लि. को नाममा उक्त ऋण सार्ने व्यवस्था बमोजिम । यसका लागि ............ सम्म समय दिने ब्याज मात्र बुझाएर ऋणी सदस्यहरूको ऋण ............ सहकारी संस्था लि. बाट उपलब्ध गराउने व्यवस्था मिलाउने | |
| १० | बचत हिसाब | ............ सहकारी संस्था लि. र ......... सहकारी संस्था लि. समेतका सबै खाताका बचतहरू एकीकृत रूपमा समावेश गर्ने | ............... र .......... द्वारा सञ्चालित बचत कार्यक्रमहरू .............. सहकारी संस्था लि. को सेयर सदस्यहरूको नाममा समावेश गर्ने | |
| ११ | सदस्यता | दुइ वटै संस्थाका सदस्यहरूलाई एकीकृत संस्थामा समावेश गर्ने | .............. र ......... सेयर सदस्यहरूको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने | |
| १२ | आन्तरिक कार्यबिधिहरू | संस्था सञ्चालनका लागि आन्तरिक कार्यबिधिहरू लागु गर्ने सन्दर्भमा ........ र ..... संस्थामा भएका एकै किसिमका कार्यबिधिहरू भएमा सोही लागु गर्ने र नभएका कार्यबिधिहरूका सन्दर्भमा भने हाल भएको कार्यबिधिलाई नै एकीकृत संस्थाको कार्यबिधिको रूपमा लागु गर्ने | हाल कायम रहेका निम्न कार्यबिधिहरू कायम राखी संस्था सञ्चालन गर्ने<br>१. ........................<br>२. ......................<br>३. ..............<br>४. ................... | |
| १३ | बैंक खाता र | विभिन्न बैंकको कारोवारलाई हस्तान्तरण गर्ने, नगद पनि | विभिन्न बैंकहरू र नगद हस्तान्तरण गरी एकीकृत | |

| | | | | |
|---|---|---|---|---|
| | नगद जिम्मेवारी | दुई वटै संस्थाको एकीकृत गर्ने | रूपमा राखी उपयोग गर्ने | |
| १४ | संस्था संचालन प्रकृया | दुई वटै संस्थाका बर्तमान संचालक, लेखा, तथा सल्लाहकार समिति एवं उपसमितिहरू मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि सम्मका लागि कायम गर्ने | दुई वटै संस्थाका संचालकहरूबाट संचालक समिति, लेखा समिति तथा अन्य समिति, उपसमिति गठन गरी कार्य गर्ने | |
| १५ | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुई वटै संस्थाको एकीकरण गरी संयुक्त रूपमा राख्ने | दुई वटै संस्थाले बुझाउनु पर्ने बाँकी ऋण संयुक्त रूपमा ...... सहकारी संस्था लि. को नाममा स्थानान्तरण गरी बुझाउनु लिनु पर्ने भए पनि यही कार्यबिधि अपनाई असुल उपर गर्ने | |
| १६ | केन्द्रीय /जिल्ला/विषयगत संघको प्रतिनिधि | संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रिय/जिल्ला/ विषयगत संघको प्रतिनिधिका रूपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने | .......... केन्द्रीय प्रतिनिधि ........ संयुक्त भएको दुवै संस्थाको प्रतिनिधिका रूपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने | |
| १७ | कर्मचारी | दुई वटै संस्थाका कर्मचारीहरूलाई यथावत कामकाज लगाउने | ............ संस्थाका नियुक्त कर्मचारीहरू र ........... संस्थाको नियुक्त कर्मचारीहरूलाई ........... संस्थामा नै यथावत रूपमा काममा लगाउने | |
| १८ | दर्ता नं. र पान नं. | ............ सहकारी संस्था लि. को दर्ता नं. ... र आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बर लाई स्वीकार गर्ने अन्य संस्थाको दर्ता नं. र स्थायी लेखा नं लाई रद्द गर्ने । त्यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने | .................... सहकारी संस्था लि. को दर्ता नं . र आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्बरलाई प्रयोग गर्ने | |
| १९ | नगदी र ढुकुटीको बिमा गर्ने | एकीकृत संस्था....... सहकारी संस्था लि. को नगदी र ढुकुटीको बिमा गराई संचालन गर्ने | उपयुक्त विमा कम्पनीसँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटीको बीमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकीकरण पछिको बिबाद सम्बन्धी | एकीकरण पश्चात कुनै बिबाद उठेमा बिबाद मिलाउन ३ सदस्यीय समिति निर्माण गर्ने र बिबादको टुङ्गो | बिबाद समाधान समितिमा निम्न सदस्यहरूलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक | |

| | | | | |
|---|---|---|---|---|
| | | लगाउने | समितिले अनुमोदन गरेपछि लागु हुने गरी निर्णय गर्ने ।<br>१. संयोजक श्री ..........<br>२. सदस्य श्री ......<br>३. सदस्य श्री ......... | |
| २१ | विनियम संसोधन र परिमार्जन गर्ने समिति | ........... सहकारी संस्था लि. को विनियममा हालको अवस्थामा कतिपय विषयहरू थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकोले ब्यापक अध्ययन परिमार्जन गर्न ३ सदस्यीय समितिलाई जिम्मा दिने | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मा दिने ।<br>१. संयोजक श्री ...<br>२. सदस्य श्री...........<br>३. सदस्य श्री .......... | |
| २२ | परिमार्जित छाप | | एकीकरण पश्चात संस्थाको देहाय अनुसारको छाप हुनेछ । | |

दस्तखतः ............
नाम : .........
पदः ...................
मिति : ..........

........... सहकारी संस्था लि.

संस्थाको छाप

दस्तखतः ............
नाम : .........
पदः ...................
मिति : ..........

........... सहकारी संस्था लि.

संस्थाको छाप

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत